# रघुगंगा गाउँपालिका

## आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम

असार ४, २०८३

मौवाफाँट, म्यागदी

# रघुगंगा गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम

**"समृद्ध रघुगंगा, सुखी रघुगंगाबासी"**

**रघुगंगा गाउँपालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभाका सदस्यज्यूहरु र कर्मचारीहरु ।**

**रघुगंगा गाउँपालिकाको एक्काईसौं गाउँसभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।**

स्थानीय तहको निर्वाचन पछिको पाँचौं आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम यस सभामा पेश गर्न पाउँदा अत्यन्तै गौरव बोध गरेको छु । म सर्वप्रथम नेपालको लोकतान्त्रिक आन्दोलनका शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । स्थानीय सरकारको सुदृढिकरणमा योगदान गर्नुहुने सम्पूर्णमा हार्दिक सम्मान व्यक्त गर्दछु ।

चालु आर्थिक वर्षमा स्वीकृत नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धी र कमजोरीको समिक्षा गर्दै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । स्थानीय जनताका आधारभूत आवश्यकताहरु परिपूर्ती गर्ने र सम्पन्न हुन बाँकी कामलाई पूरा गर्ने लक्ष्य राखी तयार गरिएको यस नीति तथा कार्यक्रमले **"समृद्ध रघुगंगा, सुखी रघुगंगाबासी"** को चाहनालाई पूरा गर्न सघाउ पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु ।

**गाउँसभाका उपाध्यक्षज्यू, गाउँ सभाका सदस्यज्यूहरु ।**

अब म रघुगंगा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम यस सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु ।

१. प्रत्येक वडामा उत्पादन हुने कृषि बालीको पहिचान गरी कृषि उत्पादन र आयआर्जन बढाउन विशिष्टिकृत रुपमा एक वडा एक उत्पादन नीति अवलम्बन गरिनेछ ।
२. कृषि उत्पादनलाई संग्रह गरी बेमौसममा उच्च मूल्यमा बिक्री वितरण हुने गरी कोल्ड स्टोर सञ्चालनमा आवश्यक सहजीकरण गरिनेछ ।
३. कृषि उत्पादकत्त्व वृद्धिका लागि माटो स्वास्थ्य सुधार, कृषकको व्यावसायिकता विकासका लागि कृषि तालिम र कृषिमा अनुदान दिने जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. जलवायु परिवर्तनको बढ्दो प्रभावलाई मध्येनजर गर्दै रैथाने बालीको उत्पादन, प्रवर्द्धन र बजारीकरणलाई जोड दिइनेछ ।

५. उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राखी बढ्दो रासायनिक पदार्थको नियन्त्रण गर्न पाइलट प्रोजेक्टका रुपमा कुइनेखानी गाउँलाई अर्गानीक गाउँ घोषणा गरी प्राङ्गारिक मल उत्पादनमा अनुदान दिइनेछ ।

६. विभिन्न रोगको संक्रमणबाट पशुपंक्षीमा हुने क्षतीलाई न्यूनीकरण गरी किसानको पशुधन लगानी सुरक्षित गर्न पशुपंक्षीका लागि आवश्यक आधारभूत औषधी र औषधीजन्य सामग्रीको उपलब्धता सर्वसुलभ गराइनेछ । पशुपंक्षी रोग नमुना सङ्कलन, प्रेषण र परीक्षण गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

७. पशुपालन व्यवसायलाई आर्थिक उपार्जनसँग जोड्न कृत्रिम गर्भाधान मिसन (पशु नश्ल सुधार) सञ्चालन गरिनेछ ।

८. लोप हुँदै गएका रैथाने पशुपंक्षीको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।

९. उच्च भौगोलिक क्षेत्रमा रहेका पशुगोठ सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०. कृषि क्षेत्रमा स्थानीय जनताको आकर्षण बढाउन र लगानी सुरक्षा गर्न उत्कृष्ट कृषक पुरस्कार घोषणा र बिमा अन्तर्क्रिया कार्यक्रमलाई गाउँ गाउँमा पुऱ्याइनेछ ।

११. उत्पादन र उद्यमशिलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारीको प्रत्याभूती, सीप विकास र उद्यमशिलता प्रवर्द्धन हुने गरी राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. स्थानीय उद्यमशिलताको विकास गर्न उद्यमशिलता प्रोत्साहन कार्यक्रम, पुनर्ताजगी र एडभान्स सीप विकास सम्बन्धी तालिमहरु सञ्चालन गरिनेछ ।

१३. स्थानीय उद्यम क्षेत्रलाई आधुनिकतातर्फ लैजान समूहमा प्रविधी हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४. सहकारी संस्थाहरुको सबलीकरणका लागि नियमन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

१५. समान उद्देश्य भएका सहकारी संस्था एकिकरण गर्न प्रोत्साहन गरिनेछ । निष्क्रिय सहकारीको दर्ता खारेजी तथा परिसमापन (**लिक्युडेसन-Liquidation**) कार्यलाई निरन्तरता दिइनेछ ।

१६. पालिकाभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुमा साङ्केतीक चिह्नको व्यवस्था गरिनेछ ।

१७. पर्यटकीय पदमार्गको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१८. पर्यटन प्रवर्द्धनका लागि होमस्टे सञ्चालनमा प्रोत्साहन गरिनेछ ।

१९. पर्यटन क्षेत्रको प्रचार प्रसारका लागि पर्यटन प्रवर्द्धन भेला, डकुमेन्ट्री निर्माण र सामाजिक सञ्जालमा साझा गर्ने कार्यलाई प्रमुख औजारका रुपमा उपयोग गरिनेछ ।

२०. स्थानीय कला, भाषा, सँस्कृति र पुरातात्त्विक सम्पदाको अद्यावधिक अभिलेख राख्ने कार्यलाई अगाडी बढाइनेछ ।

**गाउँसभाका उपाध्यक्षज्यू, गाउँ सभाका सदस्यज्यूहरु ।**

२१. स्थानीय प्राकृतिक सम्पदा, जातजाती, भाषा, सँस्कृति, पेसा, धर्म, उत्पादन जस्ता चिनारीलाई गौरवको रुपमा लिँदै निर्माण गरिएको स्थानीय पाठ्यपुस्तक छपाईलाई निरन्तरता दिँदै कक्षा ४ र ५ का लागि नयाँ पाठ्यपुस्तक निर्माण गरी लागू गरिनेछ ।

२२. गुणस्तरीय र अभ्यासमूलक शिक्षाका लागि स्वास्थ्य, पोषण, छात्रवृत्ती, आवासीय सुविधा, कम्प्युटर तथा विद्युतीय सामग्रीको प्रयोग, खेल सामग्रीको प्रयोग र सुरक्षित सिकाई वातावरणलाई सबल बनाइनेछ ।

२३. विद्यार्थीमा लुकेर रहेको कला, साहित्य, संगीत, खेल लगायतका क्षमतालाई उजागर गर्न विद्यार्थी प्रतिभा प्रहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. विद्यालयको उत्कृष्ट नतिजाका लागि स्वच्छ प्रतिस्पर्धा निर्माण गर्न उत्कृष्ट विद्यार्थी, उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यालय घोषणा गरिनेछ ।

२५. विद्यालयहरुको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयार गरिनेछ ।

२६. विद्यालयहरुको भौतिक संरचना सुधार गर्ने कार्यलाई महत्त्वका साथ अगाडी बढाइनेछ ।

२७. विद्यालयको संस्थागत सुशासनका लागि शिक्षक तथा कर्मचारीलाई क्षमता विकास तालिम र सबै विद्यालयहरुमा विद्युतीय हाजिरीको व्यवस्था गरिनेछ ।

२८. गाउँपालिकास्तरीय शैक्षिक क्यालेण्डर र शैक्षणिक योजना निर्माण गरी हुबहु कार्यान्वयन गर्न नियमित अनुगमन र प्रोत्साहन गरिनेछ ।

२९. विभिन्न खेलकुद कार्यक्रम सहित राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता लाई निरन्तरता दिइनेछ ।

३०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा प्रतिष्ठित र पहिचान बनाएका खेलाडीलाई सम्मान गरिनेछ ।

३१. खेलकुद संस्थाहरुलाई सहायता र भौतिक संरचनाको विकासमा सहयोग गरिनेछ ।

३२. विकास व्यवस्थापन, विपद् व्यवस्थापन, फोहोरमैला व्यवस्थापन लगायतका क्षेत्रमा युवाहरुको परिचालनलाई प्राथमिकता दिइनेछ ।

**गाउँसभाका उपाध्यक्षज्यू, गाउँ सभाका सदस्यज्यूहरु ।**

३३. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि निःशुल्क औषधी वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३४. महिलाहरुमा हुने प्रजनन स्वास्थ्य रुग्णताको स्क्रिनिङ्ग र मानसिक स्वास्थ्य समस्या तथा नसर्ने रोगको स्क्रिनिङ्गका लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

३५. सामुदायिक स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास गरिनेछ ।

३६. ८ वटै वडामा नागरिक आरोग्य कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

३७. शून्य होम डेलिभरी पालिकाको लागि पूर्ण संस्थागत सुत्केरी प्रोत्साहन अभियान सञ्चालन गरिनेछ।

३८. स्वास्थ्य संस्थाहरुको भौतिक संरचना र संस्थागत संरचना सुधार गरिनेछ ।

३९. खोप, पोषण, उपाध्यक्ष उपहार कार्यक्रम, अध्यक्षसँग ज्येष्ठ नागरिक कार्यक्रम र रोग खोज पड्ताल लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

४०. प्रदेश सरकारसँगको सहकार्यमा जोखिममा परेका गर्भवती महिलाहरुको हेली उद्धार कार्यलाई प्रभावकारी बनाइनेछ ।

४१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान तथा नवीकरणमा सहजता र पारदर्शी बनाउन प्रभावकारी डिभाइसको उपयोग गरिनेछ ।

४२. व्यक्तिगत घटना दर्ता र पोषण भत्ता सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

४३. सबै वडाका गाउँगाउँमा पुगी त्रैमासिक रुपमा सामाजिक सुरक्ष भत्ता वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

४४. छोरीको उच्च सम्मान र माया गर्दै सञ्चालन गरिएको छोरी पेवा बचत कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

४५. महिलाहरुको सशक्तिकरण र नेतृत्व विकासका लागि आवश्यक क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४६. ज्येष्ठ नागरिकहरुको सम्मान गर्दै उनीहरुका ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा सञ्चार गर्ने नीति लिइनेछ ।

४७. पछाडी परेको, उपेक्षित वर्ग र क्षेत्रको उत्थान र विकासका लागि विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४८. आजका बालबालिका भोलिका कर्णधार हुन भन्ने बुझाइलाई आत्मसात गर्दै बालबालिकाको हित सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

**गाउँ सभाका उपाध्यक्षज्यू, गाउँ सभाका सदस्यज्यूहरु ।**

४९. अघिल्ला आर्थिक वर्षहरुमा निर्माण सम्पन्न हुन बाँकी रहेका योजनाहरुलाई पहिलो प्राथमिकतामा राखेर बजेट विनियोजन गरिनेछ ।

५०. स्थानीय गौरवको योजनाका रुपमा रहेका पालिका केन्द्रिय प्रशासकीय भवन र झीं सामुदायिक विकास केन्द्रको भवन आगामी आर्थिक वर्षमा सम्पन्न हुनेछन ।

५१. आफ्नै वडा कार्यालय नभएका वडाहरुमा वडा कार्यालय भवन निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

५२. स्ट्रिट लाईट र सिसिटिभिको जडान गरी उज्यालो र सुरक्षित पालिका बनाइनेछ ।

५३. तालतलैया र हरियाली प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

५४. गाउँपालिका क्षेत्रमा स्थानीयले सार्वजनिक मोटरबाटोको रुपमा प्रदान गरेको जग्गालाई सम्बन्धीत व्यक्तिको जग्गाधनी पुर्जाबाट लगत कट्टा गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

५५. ढुङ्गा, गिट्टी, बालुवा लगायत निर्माण सामग्रीको उपयोग, पारदर्शी आपूर्ती र नियमन गरी अवैध उत्खनन तथा निकासीलाई नियन्त्रण गरिनेछ ।

५६. भौगोलिक रुपले कम सुरक्षित देखिएका गाउँको संरक्षण र ढल व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ ।

५७. संघीय र प्रदेश सरकारको समन्वयमा पक्की सडक पुल र ट्रस पुल निर्माणका लागि आवश्यक बजेटको प्रबन्ध गरिनेछ ।

५८. सडक असुरक्षा र उच्च सडक लागत न्यूनीकरण गर्न पचास वटा भन्दा बढी सडक पूर्वाधारको मर्मत तथा स्तरोन्नती गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

५९. छोटो दुरीको आवागमन सहजताका लागि बिस वटा भन्दा बढी पैदल मार्गको निर्माणलाई अगाडी बढाइनेछ ।

६०. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सबै सार्वजनिक पूर्वाधार निर्माणलाई अपाङ्गमैत्री र बालमैत्री बनाउन पहल गरिनेछ ।

६१. स्वच्छ खानेपानीको सुनिश्चितताका लागि खानेपानी गुणस्तर परीक्षण अभियान सञ्चालन गरिनेछ।

६२. विभिन्न संघ संस्थाको लागत साझेदारीमा खानेपानी आयोजनाहरु सम्पन्न गरिनेछ ।

६३. फोहोरमैला तथा शव व्यवस्थापन, छाडा गाईवस्तु तथा मृत जनावर व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

६४. कार्यालयबाट गरिने सेवा प्रवाहलाई चुस्त, दुरुस्त, मितव्ययी, पारदर्शी र निष्पक्ष बनाई सेवा प्रवाहमा सर्वसाधारणको सरल पहुँच सुनिश्चित गरिनेछ।

६५. सुशासन र पारदर्शीताका लागि विद्युतीय हाजिरी, टोकन प्रणाली, वेवसाइट लगायतका विद्युतीय माध्यमको प्रयोगलाई जोड दिइनेछ । आवश्यकताका आधारमा कर्मचारी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

६६. विद्यमान दरबन्दी संरचनालाई आवश्यकता र औचित्यका आधारमा परिमार्जन गरी चुस्त संगठन निर्माण गरिनेछ ।

६७. अधिक कार्यचाप भएका कर्मचारीहरुको हकमा कार्यसम्पादन विशेष भत्ताको व्यवस्था गरिनेछ ।

६८. कालोबजारी नियन्त्रण, गुणस्तरीयता कायम र उपभोक्ता हित संरक्षणका क्षेत्रमा न्यूनतम मापदण्ड कायम गर्न गराउनका लागि नियमित बजार अनुगमन लगायतका आवश्यक प्रबन्ध गरिनेछ ।

६९. विगतका आर्थिक वर्षहरुमा कायम न्यून बेरुजुलाई शून्यतर्फ उन्मुख गराउन आवश्यक कदम चालिनेछ ।

७०. कृत्रिम बुद्धिमता (AI) लगायत उदीयमान डिजिटल प्रविधिको बढ्दो प्रयोगलाई सेवा प्रवाहमा समायोजित गरी प्रविधिमैत्री बनाइनेछ ।

७१. गाउँपालिकाका विकास गतिविधि, सेवा प्रवाह र सामाजिक परिचालन लगायतका गाउँपालिकाबाट सम्पादन हुने क्रियाकलापहरुलाई वेबसाईट तथा सामाजिक सञ्जाल मार्फत निरन्तर प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**गाउँसभाका उपाध्यक्षज्यू, गाउँ सभाका सदस्यज्यूहरु ।**

७२. योजना व्यवस्थापन र सेवा प्रवाहको सम्बन्धमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, ग्राहक सन्तुष्टी सर्वेक्षण, सुझाव तथा गुनासो सङ्कलन जस्ता सुशासनका औजारहरुको अधिकतम उपयोग गरिनेछ ।

७३. उपभोक्ता समितिको अनुशिक्षण कार्यक्रम, गठन, योजना सम्झौता र निर्माण कार्यलाई श्रावणदेखी नै अगाडी बढाइनेछ ।

७४. विपद् व्यवस्थापन, साझा पूर्वाधार निर्माण, सडक सञ्जाल, कानून तर्जुमा, कर निर्धारण, स्थानीय दररेट निर्धारण लगायतका साझा सरोकारका विषयहरुको व्यवस्थापनमा एकरुपता ल्याउनका लागि अन्तरपालिका समन्वय बैठकको माध्यमबाट संयन्त्र निर्माण गरी क्रियाशिल गराउन पहल गरिनेछ ।

७५. गाउँपालिकाक्षेत्रभित्र सञ्चालन हुने विकास आयोजना कार्यान्वयनको गुणस्तर कायम गर्न, योजना तथा कार्यक्रममा दोहोरोपनाको जोखिम न्यूनीकरण गर्न संघ, प्रदेश कार्यालय र गैर-सरकारी संस्थासँग समेत नियमित समन्वय गरिनेछ ।

७६. स्थानीय सरकारबाट सम्पादन हुने कानूनी तथा न्यायिक कार्यसम्पादनलाई नागरिकमैत्री बनाइनेछ ।

७७. न्यायिक प्रक्रियालाई व्यवस्थित बनाउन मेलमिलापकर्ताहरुको ज्ञान, सीप र दक्षताको विकास गर्नेगरी मेलमिलापकर्ताको क्षमता अभिवृद्धि गरिनेछ ।

७८. विवादको निरुपणको सहजताका लागि न्यायिक इजलास कक्ष निर्माण गरिनेछ ।

७९. मानव अधिकार प्रवर्द्धन गर्ने कार्यलाई केन्द्रमा राखिनेछ ।

८०. स्थानीय नागरिकमा मानव अधिकारसम्बन्धी चेतना वृद्धि गर्न, अधिकारको संरक्षण र सम्मान सुनिश्चित गर्न र मानव अधिकारमैत्री समाज निर्माण गर्न मानव अधिकार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

८१. गाउँपालिकाका सबै वडाहरुमा पुग्ने गरी एम्बुलेन्स सेवालाई भरपर्दो र सर्वसुलभ बनाइनेछ ।

८२. गाउँपालिकास्तरीय विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजनाका आधारमा जोखिम प्रभावित क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जोखिमबाट हुन सक्ने सम्भावित दुर्घटनाका लागि पूर्वसावधानी अपनाइनेछ । अन्तरपालिका स्तरीय विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना निर्माण गर्न पहल एवम् संयोजन गरिनेछ ।

८३. विपद्को समयमा हुने आकस्मिक जनधनको क्षतीलाई न्यूनीकरण गर्न स्थानीय जनता, सुरक्षा निकाय, विभिन्न संघ संस्था लगायतसँग आवश्यक समन्वय गरी विपद् उद्दार र राहत कार्यमा परिचालन गरिनेछ ।

८४. विपद् व्यवस्थापन पूर्व तयारी, उद्धार, राहत र पुननिर्माण तथा पुनर्स्थापनाका लागि विपद् व्यवस्थापन कोषलाई मजबुद बनाइनेछ ।

८५. आकस्मिक उद्दारका लागि ८ वटै वडाका विभिन्न क्षेत्रमा हेलिप्याड निर्माण गरिनेछ ।

८६. गाउँपालिका क्षेत्रभित्र रहेका सबै व्यापार, व्यवसाय, संघ संस्था, उद्यम दर्ता तथा नविकरण गर्ने अभियान सञ्चालन गरिनेछ ।

८७. कर प्रणालीलाई समयानुकुल र करदातामैत्री बनाउन आवश्यक कदम चालिनेछ ।

**गाउँसभाका उपाध्यक्ष, गाउँ सभाका सदस्यहरु ।**

८८. अन्तमा, यस नीति तथा कार्यक्रम तर्जुमा कार्यमा योगदान पुऱ्याउनु हुने गाउँपालिका उपाध्यक्ष, विषयगत समितिका संयोजकहरु, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

८९. नीति तथा कार्यक्रमका लागि सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, रघुगंगा गाउँपालिकाका निवर्तमान जनप्रनिधिहरु, विषयगत कार्यालयका कार्यालय प्रमुखहरु, रघुगंगा बजार ईकाई लगायतका संघ-संस्थाका प्रमुख एवम् प्रतिनिधीहरु, सहकारी अभियान्ताहरु, गैर-सरकारी संघ-संस्थाहरुका प्रतिनिधीहरु, नागरिक समाज, पत्रकार लगायत सम्पूर्ण आदरणीय दाजुभाई दिदी बहिनी, आमाबुवाहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

९०. नीति तथा कार्यक्रमको मस्यौदा तयारीमा जुट्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति धन्यवाद व्यक्त गर्दछु ।

९१. यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सबैको सहकार्य, समन्वय र अपनत्वको आवश्यकता महसुस गरेको छु । यसका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दल, संघ-संस्थाहरु, निजी तथा सहकारी क्षेत्र, सञ्चारकर्मी, नागरिक समाज लगायत सबैको सहयोग प्राप्त हुनेमा पूर्ण विश्वस्त छु ।

धन्यवाद !

**भव बहादुर भण्डारी**
**अध्यक्ष**

२०८३।०३।०४ गते, बिहिबार